फोन नं.०४४-४१००६७

रामगोपालपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी

प्रदेश नं. २, नेपाल

रामगोपालपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामगोपालपुर, महोत्तरी २ नं. प्रदेश, नेपाल २०७४

प.सं.:-०७७/०७८
च.नं.:- १५०८
प्राप्त पत्र संख्या र मिति:-

मिति:- २०७८/३/१३

**विषय: राजस्व तथा व्ययको विवरण सम्वन्धमा ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानिय तह समन्वय शाखा
सिंहदरवार , काठमाण्डौ ।

प्रस्तुत विषयमा तहाँको प.सं.०७७/०७८ च.नं.५३३ मिति २०७८/३/१० गतेको पत्र प्राप्त भै व्यहोरा अवगत भयो ।

आ.ब.२०७८/०७९ को लागि रामगोपालपुर नगरपालिकाको वडा नं.४ स्थित सामुदायिक भवनमा मिति २०७८/०३/१० गतेको नगरसभावाट सम्पन्न निति तथा कार्यक्रम अनुसारको राजस्व तथा व्ययको विवरणको प्रमाणित प्रतिलिपि थान १५ यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

३/१३

श्री धिरेन्द्र लाल कर्ण
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत
रामगोपालपुर, महोत्तरी

Scanned by Easy Scanner

# रामगोपालपुर नगरपालिका

रामगोपालपुर, महोत्तरी

## आर्थिक वर्ष २०७८/०७९ को निति तथा कार्यक्रम

२०७८ साल आषाढ १० गते

Scanned by Easy Scanner

रामगोपालपुर नगरपालिकाको छैठौं नगर सभा २०७८।०७९ का लागि नगर प्रमुख श्री अशोक कुमार मण्डलद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

मिति : २०७८।०३।१०

नगर सभाका उपप्रमुख ज्यु,

नगर सभाका सदस्य ज्युहरु,

म यस आ.व. को नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु ।

क) सामाजिक विकास

१. शिक्षा:

१.१ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवश्यक नीतिहरु अवलम्वन गरिनेछ ।

१.२ विद्यालय उमेर समुहका सवै बालवालिकाहरुलाई विद्यालयभित्र ल्याइनेछ, बालिका शिक्षामा विषेश जोड दिईनेछ साथै दिवाखाजाको व्यवस्था मिलाईनेछ ।

१.३ विधार्थी संख्याको आधारमा तहगत तथा विषयगत न्युनतम शिक्षकको व्यवस्था क्रमश: मिलाइनेछ ।

१.४ विद्यालयहरुको भौतिक अवस्थाको अध्ययन गरी भौतिक सुधारका योजनाहरु ल्याइनेछन् । विद्यालय कक्षा कोठा भवन, प्रयोगशाला, पुस्तकालय जस्ता समरचणहरुको निर्माण तथा स्तारोन्नती गरिनेछ ।

१.५ विद्यालय वाहय वातावरण ( घेरावेरा, स्वच्छ खानेपानी, शौचालय) को समुचित व्यवस्थापन गरिनेछ ।

१.६ विद्यालयहरुलाई हरियो तथा हराभरा बनाउन फूलबारी निर्माण तथा वृक्षारोपण गरिनेछ ।

१.७ सवै विधालयहरुमा विधुतीय संचारको व्यवस्थापन गरिनेछ ।

१.८ सवै सामुदायिक विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ता तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

१.९ पूर्ण साक्षर नगर घोषणा गर्न विशेष शैक्षिक कार्यक्रमहरु संचालन गरिने छ ।

१.१० लक्षितवर्गको लागि विषेश छात्रबृतिको व्यवस्था मिलाईनेछ ।

१.११ "असहाय र विपन्न सँग मेयर" कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरुमा अध्ययनरत असहाय विपन्न वालवालिकालाई मासिक रुपमा स्टेशनरी एवं आवश्यकता अनुसार विद्यालय पोशाक उपलब्ध गराईन्छ ।

अशोक कुमार मण्डल
नगर प्रमुख

Scanned by Easy Scanner

१.११ न.पा. क्षेत्रमा कार्यक्रम संचालन गर्न गैर सरकारी (एन.जि.ओ.) र अन्तर्राष्ट्रि गैर सरकारी (आइ.एन, जि.ओ.) संस्थाहरुसँग समन्वय गरी नगर सभामा आफनों बार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न लगाई संस्था सूचिकृत गर्ने र गैर सरकारी संस्थाद्वारा बार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्यांकन गरिने छ।

१.१२ दलितहरुको लागि शिक्षा, स्वास्थ्य, गृह निर्माण माहामारीमा रासन वितरण, खाना पकाउने दाउरा, गैस, गैसदुल्हो, सोलर, बैनर, बिजुली जडान, सामुयिक टेलिभिजनको व्यवस्था गरिनेछ।

१.१३ न.पा. क्षेत्रभित्र बेटी बचाउ बेटी पढाउ कार्यक्रमको अभियान महिला स्कुलको छात्राहरु तथा समाजमा जनचेतना जगाउने कार्यक्रम गरिनेछ।

१.१४ नगर भित्र सबै सामुदायिक विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन क्रमशः कम्प्यूटर, प्रिन्टर तथा वाईफाईको व्यवस्था गरिने छ।

१.१५ प्राविधिक शिक्षालय रहेको विद्यालयमा न्युनतम ल्याव-१ र थप प्रशिक्षक -२ को व्यवस्था मिलाईनेछ।

२. **खेलकुद**

२.१ खेलकुद क्षेत्रका विकासका लागि पूर्वाधार तयार गरिनेछ।

२.२ नगरपालिका भित्रका विभिन्न युवा क्लवहरु तथा विद्यालयहरुलाई खेलकुद सामग्रीको व्यवस्था मिलाइनेछ।

२.३ प्रत्येक वर्ष नगर स्तरीय मेयर कप आयोजना गरिनेछ।

३. **स्वास्थ्य**

३.१ प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तर वृद्धीका लागि आवश्यक पहल गरिनेछ।

३.२ रामगोपालपुर नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुलाई सूचना प्रविधिमंत्री बनाउन सबै स्वास्थ्य संस्थाहरुमा ल्यापटप खरिद तथा इनटरनेट जडानका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

३.३ आवश्यकता अनुसार घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

३.४ मातृ मृत्युदर र वाल मृत्यूदर घटाउन आवश्यक पहल गरिनेछ।

३.५ लामखुट्टे नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३.६ योग शिक्षा वार्षिक रुपमा सञ्चालन गरीनेछ।

३.७ बहु क्षेत्रीय पोषण कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

३.८ रामगोपालपुर नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुलाई सूचना प्रविधिमंत्री बनाउन आवश्यक पहल गरिनेछ।

Scanned by Easy Scanner

३.९ स्वास्थ्य संस्थाहरुमा वर्षैभरी औषधी तथा औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ।

३.१० ७० वर्ष माथिका बृद्धबृद्धाहरुका लागि घरदैलो उपचार कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिनेछ।

३.११ कोभिड १९ मा खटिने चिकित्सक/स्वास्थ्यकर्मी/सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरुलाई उत्प्रेरणा/जोखिम भत्ताको व्यवस्था मिलाईनेछ । साथै कोभिड १९ मा स्थानिय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामग्रीहरुको अभाव नहुने गरि वजेट व्यवस्थापन गरिनेछ।

३.१२ कोभिड १९ संक्रमणको जोखिम रहदाँ सम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न महिला, जेष्ठ नागरिक एवं अपाङ्ग भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम संञ्चालन गर्ने गरि वजेटको व्यवस्थापन गरिनेछ।

३.१३ कोभिड १९ लगायत अन्य महामारीजन्य रोग व्यवस्थापनका लागि आवश्यक वजेटको व्यस्थापन गरिनेछ।

३.१४ महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि प्रोत्सन भत्ताको व्यवस्था मिलाईनेछ।

३.१५ सुरक्षित मातृत्व, परिवार नियोजन सेवा, खोप सेवा, पोषण सेवा, गाँउघर क्लिनिक सेवा प्रभावकारी रुपमा संचालनको लागि आवश्यक पहल गरिनेछ।

३.१६ स्वास्थ्य संस्थाहरुमा संक्रमण रोकथामका लागि इन्सिनिरेटर निर्माणको लागि आवश्यक पहल गरिनेछ।

३.१७ नगरपालिका भित्रका दलित, अति गरिव/असहाय/विपन्न/अपाङ्ग गर्भवती महिलाहरुलाई सुत्केरीहुने बेलामा निजको घरदेखि प्राथमिक स्वास्थ्य केन्द्र, रामगोपालपुर सम्म ल्याउन तथा सुत्केरी भए पश्चात पुन: निजको घरसम्म पुरयाउन नि:शुल्क एम्बुलेन्सको व्यस्थाको लागि आवश्यक पहिल गरिनेछ।

३.१८ वर्थिङ्ग सेन्टर विस्तारको लागि आवश्यक पहल गरिनेछ।

३.१९ विद्यालयमा अध्ययनरत विधार्थी तथा शिक्षकहरुलाई स्वास्थ्य जाँचको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

३.२० आयूर्वेद स्वास्थ्य सेवा विस्तारको लागि आवश्यक पहल तथा नि:शुल्क औषधी व्यवस्था मिलाईने छ। प्रत्येक वडामा योगकेन्द्र तथा आयुर्वेद केन्द्रको व्यवस्था कमश: मिलाईनेछ।

३.२१ रामगोपालपुरलाई आ.ब.२०७८/७९ मा पुर्णखोप पालिका घोषण गरी सोको निरन्तरताका लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ।

३.२२ स्वास्थ्य संस्थाहरुको न्युनतम सेवामापदण्ड पुरा गर्नका लागि आवश्यक सामग्री खरिदको व्यवस्था मिलाईनेछ।

३.२३ महामारीजन्य रोगव्याधी, प्राकृतिक प्रकोप व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था मिलाईनेछ।

३.२४ स्वास्थ्य संस्था भवनहरुको मर्मत संभार एवं स्तोन्नतीको लागि व्यवस्था मिलाईनेछ।

Scanned by Easy Scanner

४ खानेपानी तथा सरसफाइ

४.१ सबै नगरबासीमा शुद्ध खानेपानीको पहुँचलाई सुनिश्चित गरिनेछ ।

४.२ रामगोपालपुर नगरपालिकामा सरसफाइ अभियान सञ्चालनमा ल्याइनेछ ।

४.३ ढल निकासको समुचित व्यवस्थापन गरिनेछ ।

४.४ फोहरव्यवस्थानको लागि जग्गा व्यवस्थापन गरिनेछ ।

५. संस्कृती प्रवर्द्धन र लैंगीक समानता तथा सामाजिक समावेशीकरण

५.१ धार्मिक स्थलको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

५.२ लक्षित वर्गका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

५.३ स्वर्गद्धारी निर्माणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

५.४ पारम्परीक भेसभुसा हस्तकला, भित्तेकला, ब्रत त्यहोरमा उत्सव आदिलाई परम्परागत रुपमा मनाउन प्रोत्साहन गरिनेछ ।

५.५ यस न.पा.मा गरिवीको रेखामुनि रहेका अति विपन्न दलित, जनजाती र अन्यलाइ चुलो सहितको एक परिवार एक ग्यास सिलिन्डरसेट वितरण गरिनेछ ।

५.६ यस नगरपालिकामा गरिवीको रेखामुनि रहेका अति विपन्न एकल महिलाहरुलाई प्रोत्साहनको लागि उचित व्यस्था मिलाईनेछ ।

ख) पुर्वाधार विकास

१. सडक तथा पुल

१.१ नगरपालिकाको सबै वडा जोडिने गरी चक्रपथ निर्माण गरिनेछ ।

१.२ प्रत्येक वडामा कम्तीमा १ (एक) पिसिसि ढलान गरिनेछ ।

१.३ मुख्य वाटोलाई ६ मिटर र शाखा वाटोलाई ४ मिटर तथा उपशाखा वाटोलाई २ देखि ३ मिटर सम्म चौडा गरिने छ ।

१.४ यस नगरपालिका भित्रका खोलाहरुमा वस्ती जोड्न झोलुंगे पुलको व्यवस्था मिलाइनेछ ।

१.५ नगरपालिकाको मुख्य सडकको पेटी तथा नदी, नहर किनारमा बृक्षा रोपन गरिनेछ ।

२. सिंचाइ

२.१ नगरपालिका भित्रका नदिहरुमा कच्ची वाँध बनाइ सिंचाइको व्यवस्था गरिनेछ ।

२.२ नगरपालिका भित्रका सबै खेती योग्य जमिनमा सिंचाइ सुविधाका लागि प्रदेश सरकार र केन्दीय सरकारसंगको सहकार्यमा कार्य अगाडी वढाइनेछ ।

२.३ कृषी तर्फ जग्गा सिंचित गर्न जनता संग मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

Scanned by Easy Scanner

३. सञ्चार र उर्जा

३.१ यस न.पा.लाई प्रविधि मैत्री बनाउन इन्टरनेट, फोन र मोवाइलको सेवा गुणस्तर सेवा विस्तारका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरी आवश्यक नीति अपनाइनेछ।

३.२ मुख्य सडकहरुमा टावर लाईटको व्यवस्थापन गरिनेछ।

३.३ महोत्तरी जिल्लाको मध्यभाग रहेको यस न.पा.मा अपराध नियन्त्रण गर्ने उदेश्यले आवश्यकता अनुसार सि.सि.टी.भी. जडान गरिने छ।

४. भवन निर्माण तर्फ

४.१ रामगोपालपुर न.पा.को प्रशासनिक भवन यसै आ.ब.मा निर्माण गरिने छ।
४.२ वडाहरुमा वडा प्रशासकिय भवन यसै आ.ब.मा निर्माण गरिने छ।
४.३ थप सामुदायिक भवनहरुको निर्माण तथा भएका भवनहरुको स्तरउन्नती गरिने छ।

ग) आर्थिक विकास

१. कृषी तथा पशु

१.१ यस नगरपालिकालाई कृषी उत्पादनमा आत्म निर्भर बनाइनेछ।

१.२ निर्वाहमुखी कृषी प्रणालीलाई नाफा मुलक, दिगो एवम् व्यवसायीक प्रणालीमा रुपान्तरणका लागि विभिन्न योजनाहरु सञ्चालन गरिनेछ।

१.३ शितभंडार र कान्जीहाउसको व्यवस्थापन मिलाईनेछ।

१.४ पशु वधशाला निर्माण व्यवस्थान गरिनेछ।

१.५ आवश्यकतानुसार ट्रेविज निर्माणको लागि आवश्यक पहल गरिनेछ।

१.६ दलित, अति गरीव र विपन्न वर्गलाई आय आर्जनका लागि बाखा वितरणको आवश्यक पहल गरिनेछ।

१.६ रामगोपालपुर नगरपालिकामा गाई/भैसी फारमलाई दूधको उत्पादन वढाउन तथा आत्मनिर्भर वन्न प्रति दुहुनो जनावर अनुदानको व्यस्था मिलाईनेछ।

१.७ वैज्ञानिक कृषि उत्पादनको लागि तालिमको व्यवस्था मिलाईनेछ।

१.८ कृषि सवसिटीको व्यवस्थापन गरिनेछ।

१.९ माछा जोन वाहेकका वडाहरुमा माछा पोखरी निर्माणका लीग आवशयक सहयोगको व्यवस्था मिलाईनेछ।

१.१० माछा पालनका लागि भूरा वितरण तथा मतस्य उपचारको व्यवस्था मिलाईनेछ।

१.११ एग्रीकल्चर पम्प वितरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१.१२ माटो उपचारको लागि आवशयक व्यवस्था मिलाईनेछ।

१.१३ पशु स्वास्थ्य तथा पशु वाक्षोपन शिविर संचालनको लागि आवश्यक पहल गरिनेछ।

Scanned by Easy Scanner

१.१४ पशु स्वास्थ्यको लागि औषधी/भ्याक्सिनको लागि [illegible]को व्यवस्थापन गरिनेछ ।

१.१५ पशु नश्लसुधारको व्यवस्थापन गरिनेछ ।

१.१६ कृषि मिटरजडानको लागि आवशयक पहल गरिनेछ ।

१.१७ कृषि सेवा शाखाको लागि कम्प्युटरको व्यस्थापन गरिनेछ ।

१.१८ पशु आहारा सेबा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१.१९ बनस्पति खेतीका कार्यक्रमरु सञ्चालनमा ल्याइनेछ । घयू कुमारी, अमला, गेला, तुईथ, मेवा जस्ता यहाँकालागि भू-पयोगी बनस्पति खेतीलाई प्रोत्साहन दिइने छ ।

१

२. पर्यटन

२.१ बर्दिवास-रामगोपालपुर-जलेश्वर-राजमार्गमा नगरप्रवेशद्वार निर्माण गरिनेछ ।

२.२ सौतिनिया पोखरी र अन्य पोखरी समेतलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि आवश्यक रणनीति अपनाइनेछ ।

२.३ विभिन्न जातजातीहरुको संस्कृतीको संरक्षण गरी पर्यटकहरुलाई आकर्षण गरिनेछ ।

२.४ नगर क्षेत्र भित्रका एतिहासिक तथा पुरातात्युक महत्वका क्षेत्रहरुका संरक्षण तथा विकास जोड दिइने नीतिलाई निरन्तरता दिइने छ ।

२.५ नगर क्षेत्र भित्र रहेका प्राचिन मठ मन्दिर, गुठी तथा तालतलैयाहरुको स्तरउन्नती र संरक्षण गरिनेछ ।

२.६ पुरातात्वयुक महत्वका मठ, मन्दिर, पाठी पउँवा र गुठीहरुको संरक्षण र व्यवस्थापनको लागि प्रदेश सरकार र सँघीय सरकार सँग सहकार्य गरिने छ ।

२.७ नगरपालिकाका पारर्शव चित्र (प्रोफाइल) तयार गर्न विज्ञलाई जिम्मा दिइने छ ।

३. उद्योग वाणिज्य

३.१ "नगरको विकासमा सबैको साथ" नारालाई सर्म्नगरको विकास गर्ने नीति लिइने छ ।

३.२ ईटाभट्टाहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

३.३ घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।

३.४ लगानी मैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गरिनेछ ।

३.५ बर्दिवास-रामगोपालपुर-जलेश्वर सडक खण्ड अन्तर्गत रामगोपालपुर न.पा.को सिमाभित्र २ वटा प्रवेशद्धार निर्माणको काम यसै आ.व. देखि प्रारम्भ गरिनेछ ।

अशोक कुमार मण्डल
नगरप्रमुख

Scanned by Easy Scanner

३.६ मेयर उद्यम कार्यक्रम मार्फत बेरोजगार कृषकहरुलाई आवश्यक सिप र प्रविधि हस्तान्तरण गरि उद्यमशिलताको विकास गरिने छ ।

३.७ वैदेशिक रोजगारीमा जाने युवकहरुको लागि आवश्यक सिपको व्यवस्था गरिने छ ।

३.८ महिला दलित विपन्नहरुलाई उद्ययोगी क्रियाकलापा सँलग्न गराई अनुदान सहुलियत गर्नका लागि उद्यम विकास कोष स्थापना गरिनेछ ।

३.९ न.पा. क्षेत्रमा उत्पादन हुने कृषि तथा मासु जन्य वस्तुहरुको लघु उद्ययोग स्थापनामा जोड दिइने छ ।

३.१० नगर भित्र बसोबास गर्ने बेरोजगार युवकहरुको सिप क्षमता अभिवृद्धि गरी रोजगार प्रवंद्धनका लागि मेयर उद्यम कार्यक्रम सञ्चालन गरिने छ ।

३.११ गरिबी निवारणका लागि सि.टि.भि.टी. सिप विकास केन्द्र लगायतका निकायसँग समन्वय गरी निःशुल्क तालिम प्रदान गरिनेछ ।

३.१२ रोजगार तथा बेरोजगारको तथ्याँङ्क सँकलन, प्रसोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।

३.१३ न.पा. मुख्य चौकहरुमा वाईफाई जडान गरी यूवा, विद्यार्थी तथा वैदेशिक रोजगर गर्ने व्यक्तिहरु सँग समन्वय गर्न सजिलो हुने तथा सञ्चारको सदुपयोग गर्न सहज पहुँच उपलव्ध गराइने छ ।

३.१४ हाड बजारको सरसफाई, सडक, गल्लीहरुको सरसफाई गर्दा निस्कीने फोहरहरुलाई व्यवस्थापन गर्न दम्पीकसाइटको व्यवस्था गरिने छ ।

३.१५ मेयर उद्यम कार्यक्रम मार्फत यस न.पा. क्षेत्र भित्र आवश्यक हुने प्राविधिक जनशक्ति न.पा. भित्र उत्पादन गरी श्रम आयातलाई निरुत्साहित गरिने छ ।

३.१६ स्थानीय तहमा रहेका परम्परागत सिपलाई खोजी गरी प्रबर्द्धन गर्दै व्यवसायिक र उद्यमशिल वनाईनेछ ।

४. **सहकारी र वित्तिय**

४.१ सहकारी संस्थाहरुलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशिल गराइनेछ ।

४.२ अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गरिनेछ ।

४.३ बिषयगत सहकारीहरु कृषि, फलफुल, दुध, तरकारी र उपभोक्ता सहकारी विकासका लागि रामगोपालपुर न.पा.बाट सहुलियतको व्यवस्था मिलाइने छ ।

४.४ सहकारी संस्थाको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानी मैत्री वातावरण श्रृजना गरिने छ ।

घ) वनवातावरण तथा विपद व्यवस्थापन

विपद व्यवस्थापन

ापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदुषण नियन्त्रणका अभिवृद्धी गरिनेछ ।

पद् व्यवस्थापन समितिको गठन गरी विपद् व्यवस्थापन कोष खोली ।

सरकारी संस्थातथा सामुदायीक संस्थाहरुसंग समन्वय, सहभागीता र दिगो र फराकिलो बनाइनेछ ।

ा संस्थाहरुको परिचालन, नियमन, अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाइ रिनेछ ।

त तथा कार्यक्रमलाई आ.व. २०७८/०७९ मा निरन्तरता दिईनेछ ।

का नगरवासीको आवश्यकता र मागका आधारमा अन्य नीति तथा कार्यक्रम र गरी कार्यान्वयनमा ल्याइनेछ ।

अशोक कुमार मण्डल
नगर प्रमुख

अशोक कुमार मण्डल
नगरप्रमुख

Scanned by Easy Scanner

अशोक कुमार मण्डल
नगरप्रमुख

रामगोपालपुर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
रामगोपालपुर, महोत्तरी

## आ.व. २०७८।०७९ को वार्षिक वजेट विवरण

| सि.नं. | विवरण | यथार्थ बजेट | अनुमानित रकम | कुलजम्मा रकम |
|---|---|---|---|---|
| १ | संघ वित्तिय समानिकरण | १०७८०००००।०० | ०।०० | १०७८०००००।०० |
| २ | सघ सशर्त अुनदान | १५७८०००००।०० | ०।०० | १५७८०००००।०० |
| ३ | राजस्व बाडफाड | ७३३४५०००।०० | ०।०० | ७३३४५०००।०० |
| ४ | तराइ मधेस समृधि कार्यक्रम | ०।०० | २५००००००।०० | २५००००००।०० |
| ५ | बहुक्षेत्रीय पोषण | ०।०० | १५००००००।०० | १५००००००।०० |
| ६ | प्रदेश वित्तिय समाविनकरण | ०।०० | ८०००००००।०० | ८०००००००।०० |
| ७ | प्रदेश सशर्त अनुदान | ०।०० | १००००००००।०० | १००००००००।०० |
| ८ | प्रदेश विशेष अनुदान | ०।०० | ३०००००००।०० | ३०००००००।०० |
| ९ | प्रदेश सम्पुरक अनुदान | ०।०० | २०००००००।०० | २०००००००।०० |
| १० | सामाजिक सुरक्षा | ०।०० | ८००००००००।०० | ८००००००००।०० |
| ११ | आन्तरिक आय | ०।०० | १३७५००००।०० | १३७५००००।०० |
| | कुल जम्मा | ३३८९४५०००।०० | १२०७५००००।०० | ४५९६९५०००।०० |

अशोक कुमार मण्डल
नगरप्रमुख

# रामगोपालपुर नगरपालिका

रामगोपालपुर,महोत्तरी

आर्थिक वर्श२०७८/०७९ को बजेट प्रस्तुतिकरण

२०७८ साल आषाढ ११ गते

Scanned by Easy Scanner

गर उप प्रमुख श्री सीता देवी साहज्यूद्वारा मिति २०७८/०३/११ गते रामगोपालपुरको छैठौं नगरसभा बैठकमा प्रस्तुत आ.व.२०७८/०७९ को बजेट विवरण

नगरसभा अध्यक्ष महोदय,

(१) यस रामगोपालपुर नगरपालिका सरकारको व्यवस्थापकीय अधिकारीको रुपमा रहेका नगर सभाको यस गरिमामय ऐतिहासिक छैठो नगरसभामा अगामी आर्थिक वर्ष २०७८/०७९ को लागि बजेट प्रस्तुत गर्न पाउदा आफु हर्षित भएको छु ।

(२) मैले बजेट कार्यक्रमहरु प्रस्तुत गर्दा नेपालको संबिधान २०७२ को अनुसुची ८ मा व्यस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची – ९ मा व्यवस्था गरिएका साझा अधिकार स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन,संघीय सरकारको बजेट तथा कार्यक्रम साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शन पूर्णत; अवलम्बन गर्दै यो कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस अधिवेशनमा पेश हुने विनियोजन एन,आर्थिक ऐनका सिद्धान्तहरु,वस्ती स्तरबाट योजना छनौट गर्न भेला भएका क्रममा आम नगरवासी,नागरिकहरु,बुद्धिजिवी,समाजसेवी,राजनैतिक व्यक्तित्व विकास अभियन्ता लगायतका व्यक्तिहरुबाट प्राप्त राय सलाह र सुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छु । वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दै गर्दा लक्षित वर्ग समुदाय,पिछिडिएका वर्गलाई विकाशको मूलधारमा र आर्थिक उन्नति गर्न खालका कार्यक्रम संचालन गर्न उच्च प्राथमिकतामा राखि नगर क्षेत्र लक्षित कार्यक्रमहरु संचालन गर्नमा जोड दिने छु ।

(३) आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यकम तर्जुमा गर्दा नेपालको संबिधानको भावना र मर्म, छैठो वार्षिक योजनाले परिलक्षित गरेको विषयमा वस्तु संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुनाको लागि जारी भएको स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ र साविक स्थानीय निकाय अन्तर्गतका योजना तथा बजेट तर्जुमा गर्ने सरकारबाट जारी भएका नियम निर्देशिका तथा कार्यविधिलाई मूल आधार मानि मार्गदर्शनको रुपमा लिएको छु ।

**सोच :-** यो नगरपालिकाको दीर्घकालीन सोच (vision) "रामगोपालपुर नगरपालिकालाई सुन्दर,समुन्नत तथा समृद्ध आर्थिक नगर " बनाउनु रहेको छ ।

**लक्ष्य :-** रामगोपालपुर नगरपालिका क्षेत्रको सामाजिक रुपान्तरण गर्नको लागि आर्थिक र पूर्वाधार विकास गर्दै परम्परागत कृषि,पशु र अन्य व्यवसायीक कृयाकलापलाई आधुनिकीकरण गर्नेगरी समृद्धि आर्थिक नगरको रुपमा विकाश गरिने छ ।

**उदेश्य :-** सामाजिक रुपानतरणको लागि प्रमुख आधारशिलाको रुपमा रहेको शिक्षा क्षेत्रको विद्यमान कमीकमजोरीलाई हटाई व्यस्थापकिय र विद्युतिय संचार सुविधायुक्त शिक्षण संस्थाको विकास गर्ने ।

Scanned by Easy Scanner

(२) कृषि र पशुपालन क्षेत्रको व्यवसायिक उत्पादन गरि उचित बजारीकरणको लागी कृषि संकलन केन्द्रहरुको निर्माण गर्ने ।

(३) नगरको चौतर्फी विकासको लागी पूर्वाधार क्षेत्रका अति आवश्यक भौतिक पूर्वाधार विकास गर्ने ।

(४) सार्वजनकि नीति साझेदारीको माध्यमबाट स-साना घरेलु उधोगको विकासको शुरुआत थालनी गर्ने ।

(५) आधारभूत तहको स्वास्थ्य सुबिधा तथा स्वच्छ खानेपानी र सफाईको उचित प्रवर्द्धन गर्ने ।

**अध्यक्ष महोदय,**

यिनै सोच,लक्ष्य र उदेश्य अनुरुप रामगोपालपुर नगरपालिका क्षेत्रलाई स्वच्छ,सुन्दर,समुन्नत र समृद्ध बनाउन तपसिलका नीति अबलम्बन गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म चालु आ.व.२०७८/०७९ को यथार्थ बजेट (आय) प्रस्तुत गर्दछु । रामगोपालपुर नगरपालिकाको चालु आ.व.२०७८/०७९ मा भएको कुल यथार्थ आय रु.४५,९६,९५,०००/- पैतालीस करोड छ्यान्ब्बे लाख पन्चानब्बे हजार मात्र रहेको छ । जसमध्ये आन्तरीक श्रोतबाट रु१,३७,५०,०००/-(एक करोड सैतिस लाख पचाँस हजार मात्र) र नेपाल सरकारको तर्फबाट रु.४२,२९,४५,०००/- (बयालीस करोड उनन्तीस लाख पैतालिस हजार मात्र) तथा प्रदेश नं.२ सरकारको रु.२,३०,०००००/- (दुई करोड तिस लाख मात्र)

**अध्यक्ष महोदय**

**विनियोजित बजेटको मुख्य कृयाकलाप:-**

अव म अगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित अनुमान गरिएको आय व्यय प्रस्तुत गर्दछु । रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को लागि कुल रु ४५,९६,९५०००/- विनियोजन गरेको छु । कुल विनियोजन रकम मध्ये चालु तर्फ २९,८८,०१,७५०/- (उन्नतीस करोड अठासी लाख एक हजार सात सय पचास) र पुजीगत तर्फ १६,०८,९३,२५०/- (सोह्र करोड आठ लाख त्रिनाब्बे हजार दुई सय पचास मात्र ) प्रस्ताव गरेको छु । कुल बजेटको चालु तर्फ ६५ प्रतिशत र पुजीगत तर्फ ३५ प्रतिशत रहेको छ । चालु खर्चमा नेपाल सरकारबाट प्राप्त वितिय समानीकरण अनुदान,सशर्त अनुदान,विषयगत कार्यालय र आन्तरिक आय (राजस्व) सामाजिक सुरक्षा कार्यक्रम तर्फको रकम समावेश गरिएको छु । चालु खर्चको विनियोजित रकमको खुद कार्यालय संचालन गर्न चालु खर्च जम्मा रु ११,०३,२६,८००(एघार करोड तीन लाख छबीस हजार आठ सय मात्र ) रहेको छ । जुन बजेटमा समावेश गराइएको कुल चालु खर्च रकमको रु २४ प्रतिशत छ ।

उप-प्रमुख
सिता देवी

Scanned by Easy Scanner

रामगोपालपुर नगरपालिकाको कुल अन्तरिक आय राजश्व तर्फ अनुमानित रु.१,३७,५०,००० (अक्षरेपि एक करोड सैती लाख पचास हजार मात्र प्रस्ताव गरिएको छ । नगरपालिकाको कुल बजेटमा आन्तरिक आयबाट करिब ३% प्रतिशत मात्र रहेको छ ।

त्यस्तै चालु आ.व.२०७८/०७९ का लागि तपसिल बमोजिमको नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान रकमहरु रहेको छ ।

अध्यक्ष महोदय

## आ.व.२०७८/०७९ को वार्षिक बजेट विवरण

| सि.नं | विवरण | अथार्थ बजेट | अनुमानित बजेट | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघ वित्तिय समानिकरण | १०७८००००/- दस करोड अठतर लाख | ०/०० | १०७८००००/- दस करोड अठतर लाख | |
| २ | संघ सर्शत अनुदान | १५७८००००/- पन्द्र करोड अठतर लाख | | १५७८००००/- पन्द्र करोड अठतर लाख | |
| ३ | राजश्व बाडफाट | ७३३४५०००/- सात करोड तेतीस लाख पैतालीस हजार | | ७३३४५०००/ सात करोड तेतीस लाख पैतालीस हजार | |
| ४ | तराई मधेश समृद्धि कार्यक्रम | ० | २५००००० /- पच्चीस लाख मात्र | २५००००० /- पच्चीस लाख मात्र | |
| ५ | बहुक्षेत्रिय पोषण | ० | १५०००००/- पन्द्र लाख मात्र | १५००००० /- पन्द्र लाख मात्र | |
| ६ | प्रदेश वित्तिय समानिकरण | ० | ८००००००/- असी लाख मात्र | ८००००००/- असी लाख मात्र | |
| ७ | प्रदेश सर्शत अनुदान | ० | १००००००००/- एक करोड मात्र | १००००००००/- एक करोड मात्र | |
| ८ | प्रदेश विशेष अनुदान | ० | ३००००००/- तीस लाख | ३००००००/- तीस लाख | |
| ९ | प्रदेश समपुरक अनुदान | ० | २००००००/- बीस लाख मात्र | २००००००/- बीस लाख मात्र | |
| १० | आन्तिरीक आम्दानी | ० | १३७५००००/- तेह्र लाख पचहतर हजार | १३७५००००/- तेह्र लाख पचहतर हजार | |
| ११ | सामाजिक सुरक्षा | ० | ८००००००० /- आठ करोड | ८००००००० /- आठ करोड | |
| | कुल जम्मा | ३३८९४५०००/- तेतीस करोड नवासी लाख पैतालीस हजार | १२०७५००००/- बाह्र करोड सात लाख पचास हजार | ४५९६९५०००/- पैतालीस करोड छयान्ब्बे लाख पन्चानब्बे हजार | |

१. रामगोपालपुर नगरपालिका छैठौं नगर सभासम्म नगरपालिका संचालन र व्यवस्थापनका लागि भए गरेका निर्णयहरु आय व्ययहरु स्वीकृतको लागि प्रस्ताव पेश गरेको छु ।

Scanned by Easy Scanner

२. आगामी आर्थिक वर्ष २०७८/०७९ को नीती बजेट तथा कार्यक्रमको अभिन्न अगको रुपमा रहेका आय व्ययको विस्तृत विवरण राजश्व तथा अनुदान प्राप्तीका अनुमान कार्यक्षेत्रगत व्यय अनुमान वार्षिक विकास कार्यक्रम तथा अन्य कार्यक्रम समेतमा विस्तृत विवरणहरु अनुसूचीमा राखी अनुमोदनका लागि पेश गरेको छु ।

अन्तमा यो नीति बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यहरु सबै कर्मचारीहरुलाई आभार प्रकट गर्दै यस नगरपालिकाको छैठौं नगर सभामा उपस्थित सबैमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुतकर्ता

सिता देवी साह
नगर उप –प्रमुख
रामगोपालपुर न.पा., महोत्तरी

उप-प्रमुख
सिता देवी साह